श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### आर्थिक ऐन, २०३० मा संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– आर्थिक ऐन, २०३० (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "आर्थिक (संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन २०३० साल कार्तिक २४ गतेदेखि लागू भएको मानिनेछ ।

२. मूल ऐनको अनुसूचीमा संशोधनः– मूल ऐनको दफा २ संग सम्बन्धित अनुसूची १, २, ३ र ४ संलग्न गरी आर्थिक वर्ष २०३०।३१ को लागि लागू रहेको भन्सार महसूल दरबन्दी मध्ये उक्त अनुसूची २ र ४ का देहायका संकेत नम्बर र क्रम संख्याका मालसामानको निमित्त तोकिएका भन्सार महसूल दरको सट्टा देहायका भन्सार महसूल दर तोकिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसूल दरबन्दी

## अनुसूची–२

### नेपाल अधिराज्यमा पैठारी हुने माल वस्तुको भन्सार महसूल दरबन्दी

| संकेत नं. | माल वा वस्तुको नाम | इकाई | भारतबाट (ए. आर. वन. फाराम बाहेक) पैठारी भएका मालमा लाग्ने | | गणतन्त्र चीनको तिब्बतक्षेत्र बाहेक अन्य मुलुकहरूबाट पैठारी भएको मालमा लाग्ने | |
|---|---|---|---|---|---|---|
| | | | पैठारी महसूल दर (१) | मोलमाथि लाग्ने सरचार्ज (प्रतिशतमा) (२) | पैठारी महसूल दर (३) | मोलमाथि लाग्ने सरचार्ज (प्रतिशतमा) (४) |
| ३१३–०११ | मोटरको पेट्रोल | लिटर | १५२ | | २१६० | |
| ३१३–०१३ | हवाई पेट्रोल (टर्वोफ्यूल) | " | १२५ | | १७५ | |
| ३१३–०२ | मट्टितेल | " | १०४½ | | १७५ | |
| ३१३–०३ | हाइ स्पीड वा रिफाइण्ड डिजेल आयल र भेपराइजिङ आयल | " | ११० | १३० | १७१ | १३० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९२

## भन्सार महसूल दरबन्दी

### अनुसूची–४

भारतबाट ए. आर. वन. फारमद्वारा पैठारी हुने मालवस्तुमा लाग्ने सरचार्ज

| क्रम संख्या | मालको नाम | इकाई | सरचार्जको दर |
|---|---|---|---|
| ७ | पेट्रोल | लिटर रू. | माफी |
| ८ | हवाई पेट्रोल (टर्बोफ्यूल) | ” | ” |
| ९ | हाइ स्पीड डिजेल आयल | ” | १३० |

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।